# पुतलीबजार नगरपालिका स्याङ्जा
# विपद् पिडित राहत वितरण कार्यविधि २०७८

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश

**प्रमाणीकरण गर्ने**

**सिमा कुमारी क्षेत्री 'प्रमुख'**

राजपत्रमा प्रकाशन मिति : २०७८/३/६

विपद पिडित राहत वितरण कार्यविधि, २०७८

# विपद् पिडित राहत वितरण कार्यविधि २०७८

**पृष्ठभूमी :**

पुतलीबजार नगरपालिका क्षेत्रभित्र विभिन्न किसिमका विपद्बाट पिडित व्यक्तिहरुलाई सरल, सहज र छिटो छरितो प्रक्रियाबाट राहत प्रदान गरी उनीहरुलाई तत्काल राहतको महशुस हुने गरी राहत वितरण गर्नु पर्ने भएकोले पुतलीबजार नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १९ को उपदफा )२) ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरकार्यपालिकाको बैठकले यो **विपद् पिडित राहत वितरण कार्यविधि २०७८** स्वीकृत गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१)यस कार्यबिधिको नाम "विपद पिडित राहात वितरण कार्यबिधि,२०७८" रहेको छ ।

(२)यो कार्यबिधि तुरुन्त प्रारम्भ हुने छ ।

**२.परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ;

(क) **"आंशिक क्षती"** भन्नाले घर, गोठ, धन्सार, वा यस्तै भौतीक पूर्वाधारको हकमा पचास प्रतिशत भन्दा कम क्षती र पशु धनको हकमा विपद्को कारण मृत्यु भएकोलाई सम्झनु पर्दछ ।

(ख) **"उप समिति"** भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको उपसमितिलाई संझनु पर्दछ ।

(ग) **"ऐन भन्नाले"** बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(घ) **"गम्भिर घाईते"** भन्नाले अंङ्गभङ्ग भएको मानिसलाई संझनु पर्दछ । सो शब्दले विपद्बाट अंङ्गभङ्गको पशुधनलाई समेत संझनु पर्दछ ।

(ङ) **"पशुधन" भन्नाले** वस्तुभाउ पशुपंक्षी आदिलाई सम्झनु पर्दछ

(च) **"पूर्ण क्षती"** भन्नाले घर, गोठ, धन्सार, वा यस्तै भौतीक पूर्वाधारको हकमा पचास प्रतिशत वा सो भन्दा बढी क्षती भएको, परालको टौवाको हकमा पुरै नष्ट भएकोलाई सम्झनु पर्दछ । साथै सो शब्दले पूर्ण रुपमा नष्ट भएको तरकारी बाली, खाद्यान्न बाली, नगदे वाली र विउविजनलाई समेत जनाउनेछ ।

(छ) **"विपद भन्नाले"** ऐनमा परिभाषित प्राकृतिक र गैरप्राकृतिक दुबै प्रकारको विपदलाई संझनु पर्दछ ।

(ज) **"विपद्बाट भएको क्षती"** भन्नाले बाढी पहिरो, हावाहुरी, आगलागी वा चट्याङ्गको कारणबाट घर, गोठ, धन्सार, वा यस्तै भौतीक पूर्वाधारमा भएको क्षती, बाढी पहिरो, चट्याङ्ग वा जंगली जनावरको आक्रमणबाट पशु धनको मृत्युलाई सम्झनु पर्दछ ।

(झ) **"राहत कोष"** भन्नाले ऐन बमोजिम स्थापित कोषलाई सम्झनु पर्दछ ।

**३. विपद्को अवस्थाको लेखाजोखा एबं आकलन :** (१) विपद्बाट पिडित व्यक्तिले विपद्बाटबाट भएको क्षतीको विवरण सहीत निम्नानुसारको कागजतात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) कुन किसिमको विपद्बाट के कस्तो क्षती भएको हो स्वष्ट खुल्ने निवेदन,

विपद पिडित राहत वितरण कार्यविधि, २०७८

(ख) आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) क्षती भएको भौतीक संरचना वा पशुधनको क्षती भएको भाग स्पष्ट देखिने फोटो समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम निवेदन पेश भएमा सम्बन्धित वडा कार्यालयले प्राथमिकताका साथ सर्जमिन मुचुल्का खडा गरी पिडित व्यक्तिले पेश गरेका कागजात र वडा सिफारिश समेत संलग्न गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) वडा कार्यालयले सिफारिश गर्दा पूर्ण वा आंशिक क्षती के भएको हो स्पष्ट खोली सिफारिश गर्नु पर्नेछ ।

**४.<u>राहात वितरण विवरण, दर तथा परिमाण</u> : (१)** आशिंक क्षती भएको विपद् पिडितलाइ कार्यविधि बमोजिम नगर प्रमुखको आदेशानुसार तत्काल राहत वितरण गरिनेछ । आशिंक क्षतीको राहत वितरण गर्ने विवरण, दर तथा परिमाण अनुसूची – १ बमोजिम र पूर्ण क्षती भएको विपद् पिडितलाइ वितरण गर्ने विवरण, दर तथा परिमाण अनुसूची – २ बमोजिम हुनेछ ।

(२) पूर्ण क्षती भएका विपद् पिडितलाई राहत वितरण गर्नको लागि दफा ३ को उपदफा (२) बमोजिमका कागजात पेश भए पछि दफा (५) बमोजिमको उपसमितिले अनुगमन गरी विपद् राहत वितरणको लागि सिफारिश गर्नेछ । उपसमितिको प्राप्त सिफारीशका आधारमा अनुसूची – २ बमोजिमको राहत रकम वितरणको निर्णय कार्यपालिकाले गर्नेछ ।

(३) आवासीय घरको पूर्ण क्षती भई तत्काल बसोबासको समस्या, खानाको समस्या आएको भन्ने जानकारी हुन आएमा निम्नानुसारका पदाधिकारी रहेको तत्काल राहत वितरण समिति गठन हुनेछ । समितिले तत्काल भएको क्षतीका आधारमा आवश्यकताका आधारमा राहत स्वरुप जिन्सी मालसामान उपलब्ध गराउनेछ ।

(क) नगर प्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) सर्मबन्धित वडाको वडा अध्यक्ष – सदस्य

(४) एउटै विपद्को कारणबाट भएको क्षतीको लागि आंशिक क्षतीको राहत वितरण भइ सके पछि थप क्षती भएको वा पूर्ण क्षती भएको भनी थप राहतको लागि सिफारिश गरिने छैन ।

यस उपदफामा जुनसुकै कुरा लेखिइएको भएतापनि क्षतीको अवस्थालाई मध्यनजर गरी उपसमितिले गरेको सिफारिशको आधारमा नगरकार्यपालिकाले अन्य राहत योग्य जिन्सी मालसामानको मौज्दात अवस्था वा बजेट व्यवस्थालाई मध्यनजर गरी जिन्सी मालसामान वितरणको निर्णय गरी त्यस्ता किसिमका जिन्सी मालसामान वितरण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन।

(५) पूर्ण क्षती भएको भनी मागदाबी भएका तर दफा ५ बमोजिमको समितिले स्थलगत अनुगमन गर्दा पूर्ण क्षती भएको मान्न सकिने अवस्था नभएमा समितिले आंशिक क्षतीको राहत वितरणको लागि सिफारिश गर्न सक्नेछ ।

(६) तिन हजारसम्मको राहत सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराउने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले गर्नेछ ।

**५.<u>उप समिति सम्बन्धी व्यवस्था</u> :**

(१) यस कार्यविधिको अन्य दफामा उल्लेखित कार्यको अलावा पूर्ण क्षती भएको विपद् पिडितलाई राहत प्रदान गर्नको लागि सिफारिश गर्न देहाय बमोजिमको समिति रहने छ ।

(क) संयोजक वातावरण तथा बिपद् व्यवस्थापन समिति – संयोजक

(ख) विपदसँग सम्बन्धित वडाबाट तोकिएको कुनै एकजना वडा समितिको सदस्स – सदस्य

(ग) कार्यालयबाट तोकिएका कुनै एक जना प्राबिधिक कर्मचारी –सदस्य

(घ) वातावरण तथा बिपद् व्यवस्थापन शाखाको शाखा प्रमुख – सदस्य सचिव

(२) उप दफा (१) बमोजिम गठित उपसमितिको कामकर्तब्य अधिकार देहाए बमोजिम हुनेछन् ।

(क) पूर्ण क्षती भएका विपद जोखिम घटनाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) पूर्ण क्षतीको राहत बितरणको दर तथा अन्य बिवरण सिफारिश गर्ने ।

(ग) समितिले तोकेको अन्य कार्य गर्ने ।

**६. महामारीजन्य प्रकोप व्यवस्थापन :** (१) महामारीजन्य प्रकोपको व्यवस्थापन तथा राहत वितरण कार्यको लागि देहाय बमोजिमका पदाधिकारी रहेको महामारीजन्य प्रकोपको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगरप्रमुख – संयोजक

(ख) उपप्रमुख – सदस्य

(ख) प्रमुख पशासकीय असधिकृत – सदस्य

(ग) आर्थिक पशासन शाखा प्रमुख –सदस्य

(घ) वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको सँयोजक –सदस्य

(ङ) वातावरण तथा बिपद् व्यवस्थापन शाखाको शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(४) समितिले महामारीजन्य प्रकोपको व्यवस्थापन कार्यको ढाँचा, प्रक्रिया, आवश्यक कर्मचारी तथा विज्ञ परिचालन, आवश्यक औषधी तथा अन्य मालसामानको व्यवस्थापन गर्ने निर्णयको साथै राहत वितरणको ढाँचा तथा परिमाणको निर्णय गर्ने सक्नेछ ।

**७. <u>खारेजी :</u>** विपद पिडित राहत वितरण कार्यबिधि, २०७६ खारेज गरिएको छ । विपद पिडित राहात वितरण कार्यबिधि, २०७६ बमोजिम भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

विपद पिडित राहत वितरण कार्यविधि, २०७८

## अनुसूची-१
## राहात वितरण विवरण, दर तथा परिमाण
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
## आंशिक क्षतीको लागि

| क्षति विवरण | राहात वितरणको दर अधिकतम रु. ( प्रति व्यक्ति/वटा) | कैफियत |
|---|---|---|
| **मानवीय क्षति** | | |
| घाईते अंगभंग | ५ हजार | |
| **पशुपंक्षी** | | |
| दुध दिने भैसी / गाई (उन्नत), | १५ हजार | यस बमोजिमको राहत इन्सुरेन्स नगरिएका पशुहरुको लागि मात्र प्रदान गरिनेछ। |
| दुध दिने भैसी / गाई (स्थानीय) | १० हजार | |
| दुध दिने गाई (स्थानीय) | ६ हजार | |
| दुध नदिने भैसी / गाई (उन्नत) | १० हजार | |
| दुध नदिने भैसी (स्थानीय) | ८ हजार | |
| दुध नदिने गाई (स्थानीय) | १ हजार | |
| राँगो (उन्नत) | १० हजार | |
| राँगो (स्थानीय) | ८ हजार | |
| पाडा पाडि | २ हजार | |
| **बाखा/भेडा** | | |
| ब्याउने (उन्नत) | ५ हजार | |
| ब्याउने (स्थानीय) | ३ हजार | |
| अन्य बाखा | २ हजार | |
| बोका (उन्नत) | ६ हजार | |
| बोका स्थानीय) | ४ हजार | |
| खसी | ६ हजार | |
| पाठा पाठि | १ हजार | |
| बंगुर | ६ हजार | |
| बंगुरको पाठा पाठि | १ हजार | |
| **भौतिक संरचना** | | |
| पक्कि घर (आर.सि.सि. ढलान) | १० हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरी टिन वा ढुङ्गाको छाना भएको) | ८ हजार | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरी खरको छाना भएको) | ७ हजार | |
| धन्सार/गोठ | ४ हजार | |
| घर/गोठ पहिरो/जोखिम | ४ हजार | |
| टौवा/पराल | ४ हजार | |
| कुखुरा हाँस | | |
| १०० भन्दा कम | २ हजार | |
| १०० देखी २०० सम्म | ३ हजार | |
| २०१ देखी ३०० सम्म | ४ हजार | |
| ३०१ देखी ४०० सम्म | ५ हजार | |
| ४०१ देखी ५०० सम्म | ६ हजार | |

विपद पिडित राहत वितरण कार्यविधि, २०७८

| | | |
|---|---|---|
| ५०१ देखी ६०० सम्म | ७ हजार | यस किसिमको राहत पंक्षिजन्य महामारी वा बाढी पहिरोको कारणबाट मरेको अवस्थामा मात्र प्रदान गरिनेछ |
| ६०१ देखी ७०० सम्म | ८ हजार | |
| ७०१ देखी ८०० सम्म | ९ हजार | |
| ८०१ देखी ९०० सम्म | १० हजार | |
| ९०१ देखी १००० सम्म | ११ हजार | |
| १००० भन्दा माथि | १२ हजार | |

## अनुसूची-२

### राहत वितरण विवरण,दर तथा परिमाण
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### पूर्ण क्षतीको लागि

| क्षति विवरण | राहत वितरणको दर | कैफियत |
|---|---|---|
| | नगद<br>(प्रति व्यक्ति/वटा अधिक्तम रु) | |
| **मानवीय क्षति** | | |
| मृत्यु | २५ हजार | |
| **भौतिक संरचना** | | |
| **घर** | | |
| पक्कि घर (आर.सि.सि. ढलान) | १० हजार देखि २० हजार रुपैयाँ सम्म | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरी टिन वा ढुङ्गाको छाना भएको) | ८ हजार देखि १५ हजार रुपैयाँ सम्म | |
| कच्ची घर (ढुङ्गा माटो जोडाई गरी खरको छाना भएको) | ७ हजार देखि १२ हजार रुपैयाँ सम्म | |
| **धन्सार/गोठ** | ४ हजार देखि ६ हजार रुपैयाँ सम्म | |
| घर/गोठ पहिरो/जोखिम | ४ हजार देखि ६ हजार रुपैयाँ सम्म | |

- सरकारी र सामुदायिक बिद्यालय भवनको क्षतीलाई माग, आवश्यक्ता तथा औचित्य हेरी राहात उपलब्ध गराउन सकिनेछ ।